आज मिति २०८२ श्रावण १६ गते शुक्रवारका दिन नीलकण्ठ नगर-कार्यपालिकाको वैठक नगर प्रमुख श्री भीमप्रसाद ढुंगानाज्यूको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा वसी निम्न प्रस्तावहरुमा छलफल तथा निर्णय गरियो।

<u>उपस्थिति</u>

१. नगर प्रमुख श्री भीमप्रसाद ढुंगाना

२. नगर उप-प्रमुख श्री दिपक विश्वकर्मा

३. प्रमुख प्रशासकीय अधिकृत श्री पुरुषोत्तम सुवेदी (सचिव)

४. वडा अध्यक्ष श्री गणेश वहादुर गुरुङ

५. वडा अध्यक्ष श्री ध्वज वहादुर गुरुङ

६. वडा अध्यक्ष श्री राजकुमार श्रेष्ठ

७. वडा अध्यक्ष श्री हरि वहादुर श्रेष्ठ

८. वडा अध्यक्ष श्री राम वहादुर श्रेष्ठ

९. वडा अध्यक्ष श्री भुपेन्द्र कुमार श्रेष्ठ

१०. वडा अध्यक्ष श्री गौतमहरि अधिकारी

११. वडा अध्यक्ष श्री प्रकाशकुमार श्रेष्ठ

१२. वडा अध्यक्ष श्री राजन वराइली

१३. वडा अध्यक्ष श्री सरोज पाण्डे

१४. वडा अध्यक्ष श्री राम वहादुर श्रेष्ठ

१५. वडा अध्यक्ष श्री धर्मराज भण्डारी

१६. वडा अध्यक्ष श्री सोम वहादुर गुरुङ

१७. वडा अध्यक्ष श्री नमराज दुवाडी

१८. कार्यपालिका सदस्य श्री चिनामाया श्रेष्ठ

१९. कार्यपालिका सदस्य श्री राम्री नेपाली

२०. कार्यपालिका सदस्य श्री छनुमाया गुरुङ

२१. कार्यपालिका सदस्य श्री शान्ता थापा

२२. कार्यपालिका सदस्य श्री विशाल रोक्का

२३. कार्यपालिका सदस्य श्री लक्ष्मण रम्तेल

२४. कार्यपालिका सदस्य श्री मञ्जु थापामगर

२५. का.वा.अध्यक्ष श्री राजन अधिकारी वडा नं.७

२६. का.वा अध्यक्ष श्री सुनिल थापा मगर वडा नं ९

२७. का.वा अध्यक्ष श्री रवि प्रसाद खत्री

<u>अन्य आमन्त्रित उपस्थिति</u>

मितिः २०८२।०४।१६ गते

**वैठकमा छलफलका विषयहरु:**

१. सामाजिक सुरक्षा भत्ताको नपुग रकम माग गर्ने सम्वन्धमा।
२. उच्च अदालतमा पठाउने प्रतिनिधि तोक्ने सम्वन्धमा।
३. कार्यसम्पादन सम्झौता गर्ने सम्वन्धमा।
४. ससाह कुमालटारी सडकलाई वहुवर्षिय आयोजनाको रुपमा सिफारिस गर्ने सम्वन्धमा
५. सदस्यहरु मनोनयनका सम्वन्धमा।
६. यस नगरपालिकाको १७ औं अधिवेशनद्वारा स्वीकृत आर्थिक ऐन,२०८२ मा राजश्वका दररेट छुट भएको सम्वन्धमा।
७. अन्य विविध विषयहरुका सम्वन्धमा।

नीलकण्ठ नगरपालिका

**नगर कार्यपालिकाको बैठक**

मितिः २०८२।०४।१६ गते

**निर्णयहरु:**

१. सामाजिक सुरक्षा भत्ताको नपुग रकम माग गर्ने सम्वन्धमा:,

राष्ट्रिय परिचयपत्र तथा पञ्चिकरण विभाग (सामाजिक सुरक्षा शाखा) को प.सं. २०८२/८३ चलानी नं. सा.सु. ०१ मिति २०८२/०४/०१ गतेको पत्रवाट गत आर्थिक वर्षमा वजेट अपुग भइ सामाजिक सुरक्षा भत्ता भुक्तानी गर्न नसकेको भए त्यस्तो अपुग माग गरी पठाउन पत्राचार भई आए वमोजिम आर्थिक वर्ष २०८१/०८२ मा वजेट अपुग भई यस नगरपालिका भित्रका केही लागग्राहीहरुलाई अन्तिम किस्ताको सामाजिक सुरक्षा भत्ता भुक्तानी गर्न नसकिएकोले नपुग भएको उक्त रकम निकासा गर्ने राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग समक्ष माग गर्ने निर्णय गरियो।

२. उच्च अदालतमा पठाउने प्रतिनिधि तोक्ने सम्वन्धमा:,

विपक्षी नीलकण्ठ नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, धादिङवेसी, धादिङसमेत भएको अन्तरिम आदेश सहितको उत्प्रेषण/ परमादेश मुद्दामा (रिट नं. ०८१-WO-२९२३) सम्मानित श्री उच्च अदालत पाटनवाट जारी भएको १५ दिने म्यादको सूचना र मिति २०८२/०४/०७ गते हुने अन्तरिम आदेश सम्वन्धी छलफलमा उपस्थित हुने सूचना २०८२/०४/०४ गते तामेल भइ लिखित जवाफ प्रस्तुत गर्न, तारेखमा अदालतमा उपस्थित हुन, कानून व्यवसायी

नियुक्त गर्न र मुद्दा पुर्पक्ष समेतको लागि यस कार्यालयमा कार्यरत कार्यक्रम संयोजक/अधिवक्ता दिनेश दुवाडीलाई प्रतिनिधिको रुपमा नियुक्त गरी पठाउने निर्णय गरियो।

३. कार्यसम्पादन सम्झौता गर्ने सम्वन्धमाः,

नीलकण्ठ नगरपालिकाको चालु आर्थिक वर्ष २०८२/०८३ मा कार्यान्वयन हुने गरी स्वीकृत वजेटको अधिनमा रही कार्यसम्पादनका लागि नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत तथा प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुख वीच कार्यसम्पादन सम्झौता गर्ने निर्णय गरियो।

४. ससाह कुमालटारी सडकलाई वहुवर्षिय आयोजनाको रुपमा सिफारिस गर्ने सम्वन्धमाः,

यस नगरपालिका वडा नं. ७ मा चालु आ.व.२०८२/०८३ मा कार्यान्वयन हुने गरी ससाह कुमालटारी सडक निर्माणका लागि शहरी विकास मन्त्रालयवाट रु तीन करोड विनियोजन भएकोमा विनियोजित रकम अपर्याप्त भएको हुदाँ आयोजनाको गाम्भिरतालाई मध्य नजर गरी आयोजनाको पुरा गर्नका लागि आवश्यक रहेको अनुमानित रकम रु २० करोड विनियोजनका लागि सम्वन्धित मन्त्रालयमा आयोजना कार्यान्वयनका लागि थप रकम माग गर्ने निर्णय गरियो। साथै उक्त आयोजनालाई वहुवर्षिय आयोजनाको रुपमा स्वीकृत गरी आयोजना कार्यान्वयनका लागि सम्वन्धित निकायमा पत्राचार गर्ने निर्णय गरियो।

५. सदस्यमा मनोनित गर्ने सम्वन्धमाः,

नीलकण्ठ नगरपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छता व्यवस्थापन वोर्ड, २०८१ को दफा १० वमोजिम गठित कार्यकारी समितिमा सोही दफाको उपदफा २ को खण्ड (ख) मा वडा अध्यक्षहरु मध्ये कार्यपालिकावाट मनोनित हुने व्यवस्था रहेको हुदाँ नीलकण्ठ नगरपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छता व्यवस्थापन वोर्डको कार्यकारी समितिमा देहाय वमोजिम हुने गरी मनोनयन गर्ने निर्णय गरियो।

तपसिल

मनोनयन हुने वडा अध्यक्षहरु

१. श्री राजकुमार श्रेष्ठ - वडा अध्यक्ष, नी.न.पा.३
२. श्री प्रकाश कुमार श्रेष्ठ - वडा अध्यक्ष नी.न.पा.८
३. श्री धर्मराज भण्डारी - वडा अध्यक्ष नी.न.पा.१२
४. श्री नमराज दुवाडी - वडा अध्यक्ष नी.न.पा.१४

६. यस नगरपालिकाको १७ औं अधिवेशनद्वारा स्वीकृत आर्थिक ऐन,२०८२ मा राजश्वका दररेट छुट भएको सम्वन्धमा:,

नीलकण्ठ नगरपालिकाको १७ औ अधविशनद्वारा स्वीकृत नीलकण्ठ नगरपालिकाको आर्थिक ऐन,२०८२ को अनूसुची ११, सि.नं. ३ मा रहेको घर नक्शा पास दस्तुर शीर्षकमा देहायको उपशीर्षकहरु छुट भएकोमा उक्त छुट उपशीर्षकहरुलाई आगामी नगर सभामा अनुमोदन हुने गरी मिति २०८२ साउन १ गते देखी नै लागूहुने गरी व्यवस्था मिलाइ कार्यान्वयन गर्ने निर्णय गरियो।

तपसिल

| क्र.स | विवरण | आ.व.२०८१/०८२ | आ.व.२०८२/०८३ |
|---|---|---|---|
| नक्शा स्वीकृत गराइ | | | |
| १ | प्लिन्थ लेभलसम्म निर्माण अनुमति लिईएको तर सुपरस्ट्रकचर निर्माण अनुमति नलिई भवन निर्माण कार्य सम्पन्न गरेकोमा | - | २५ प्रतिशत जरिवाना लाग्ने |
| २ | भवन निर्माण कार्य २ वर्ष भित्र निर्माण नगरेमा वा समयमा म्याद थप नगरी आउनेको हकमा | - | १०० प्रतिशत जरिवाना लाग्ने |
| ३ | भवन निर्माण कार्यको लागि नक्शा स्वीकृत गराएको तर नक्शा स्वीकृत मितिले ४ वर्ष नाघी आउनेको हकमा | - | २०० प्रतिशत जरिवाना लाग्ने |
| ४ | घरको मूल्याङ्कन सिफारिस दस्तुर | - | रु १०००।- |